# व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३

## (प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा)

**परिचय**

व्यावहारिक अभ्यास प्राविधिक तथा व्यावसायिक धार अन्तर्गत विद्यालय शिक्षापाठ्यक्रमको एक अनिवार्य अंश हो। विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०६९ले व्यावहारिक अभ्यास कक्षा १० को अन्त्यमा एक महिनाको रशिक्षा ऐनको आठौं संशोधनको दफा ६ को (घ) मा रहेको विद्यालय शिक्षा अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षामा थप एक वर्ष तोकिए बमोजिम ब्यवहारिक अभ्यास गराइने छ भन्ने व्यवस्था गरेकोमा यो निर्देशिका लागू भएपछि माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यावहारिक अभ्यास गराइने उल्लेख भएकोले सोही अनुसार गर्ने व्यवस्था गरिने छ ।व्यावहारिक अभ्यासविद्यालयमा सिकेका प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित ज्ञान, सिद्धान्त तथासिपलाई वास्तविक कार्यथलोसँग जोडी अनुभवका आधारमा प्राज्ञिक तथा पेसागत कार्यकुशलतामा निखार ल्याउन अवसर प्रदान गर्ने कार्यथलोमा आधारित कार्यक्रम हो । यसले विद्यार्थीहरूलाई कक्षाकोठामा सिकेका सिपहरूलाई व्यवहारमा उतार्न, कार्यथलोको अनुभव लिन, कार्यस्थलमा कार्यरत कामदार कर्मचारीहरूसँग साथसाथै काम गर्ने तथा आफ्नो वृत्ति विकासका लागि विभिन्न बाटो रोज्ने अवसर प्रदान गर्दछ । अर्को अर्थमा यस कार्यक्रमले विद्यार्थीहरूलाई कामको संसारमा प्रवेश गर्ने बाटो खुलाउँछ ।

प्राविधिक तथा व्यावसायिक शिक्षासञ्चालित विद्यालयहरूमा अध्ययरत विद्यार्थीलाई विद्यालयहरूले विद्यालय वा विद्यालयले छनोट गरेको संस्थामा आबद्ध भईपाठ्यक्रमले निर्धारण गरेको अवधिसम्मको लागि काम गर्न विद्यार्थीहरूलाईव्यावहारिक अभ्यासमा पठाउनुपर्छ । शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रमअनुसार कार्यक्षेत्रमा गई प्रयोगात्मक रूपमा गरिने व्यावहारिक अभ्यास कार्यान्वयनलाई प्रभावकारी,सरल र सहज बनाउन निश्चित मापदण्ड तथा विभिन्न निकायहरूको भूमिका र जिम्मेवारी तय गरी विद्यार्थीहरूलाई कामको संसारसँग आबद्धता प्रदान गर्न शिक्षा ऐन, २०२८ (संशोधन सहित) को छ को (घ) मा रहेको प्रावधान अनुसार तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १९२ (ङ) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार शिक्षा मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुने गरी यो व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ जारी गरिएको छ ।

### परिच्छेद १

### नाम, परिभाषा, उद्देश्य र आधारहरु

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यस निर्देशिकाको नाम व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३रहेको छ ।

(ख) यो कार्यविधि निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **'एक वर्षे व्यावहारिक अभ्यास'** भन्नाले कार्यथलोमा आधारित सिकाइ, अभ्यास तथा तालिमसम्झनु पर्छ । यो कक्षा बाह्र पछि एकै पटक एक वर्ष वा कक्षा दशपछि तीन महिना, कक्षा एघार पछि तीन महिना( प्रोजेक्ट वेस लर्निङ) र कक्षा बाह्र पछि छ महिनामा विभाजन गरेर पनि गर्न सकिनेछ ।

(ख) **'कार्यविधि निर्देशिका'** भन्नाले नेपाल सरकारद्वारा स्वीकृत प्राविधिक तथा व्यावसायिक विद्यालय शिक्षाको माध्यमिक तहमा गरिने व्यावहारिक अभ्यासलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि तयार गरिएको निर्देशिका बुझ्नुपर्छ ।

(ग) **'कार्यथलो'**भन्नाले व्यावहारिक अभ्यासको लागि तोकिएको सम्बन्धित विद्यालय वा विद्यालय वरिपरीका सम्बन्धित विषयसँग सम्बन्धित संस्था तथा कार्यालयहरुसम्झनु पर्छ ।

(घ) **'व्यावहारिक अभ्यास संयोजक'** भन्नाले व्यावहारिक अभ्यासको व्यवस्थापन गर्न भूमिका निर्वाह गर्ने सम्बन्धित विद्यालयले तोकेको प्रशिक्षक सम्झनु पर्छ ।

(ङ) **'सुपरीवेक्षक'**भन्नाले व्यावहारिक अभ्यासमा संलग्न विद्यार्थीहरुको नियमित सुपरीवेक्षण र पृष्ठपोषण प्रदान गर्नको लागि तोकेको व्यक्ति सम्झनु पर्छ ।

(च) **'आन्तरिक मूल्यांकन'** भन्नाले विद्यालय र कार्यथलोमा तोकिएको सुपरीवेक्षकले गर्ने मूल्यांकन सम्झनु पर्छ ।

(छ) **'बाह्य मूल्यांकन'** भन्नाले राष्ट्रिय परीक्षाबोर्डले गरेको मूल्यांकन सम्झनु पर्छ ।

(ज) **'अनुगमनकर्ता'** भन्नाले व्यावहारिक अभ्यासमा संलग्न विद्यार्थीहरुको बाह्य मूल्यांकन गर्नको लागि राष्ट्रिय परीक्षा बोर्डले सम्बन्धित विषयको विज्ञ रुपमा खटाएको व्यक्तिलाई सम्झनु पर्छ ।

(झ) **'एक क्रेडिट आवर'** भन्नाले व्यावहारिक अभ्यासको लागि १२० घण्टा बराबरको समयावधि सम्झनु पर्छ । एक वर्षमा जम्मा दश क्रेडिट आवर हुनेछ ।

३. **यस व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ को उद्देश्यहरुनिम्नलिखित रहेका छन् :**

(क) व्यावहारिक अभ्यासकार्यक्रमलाई प्रभावकारी तवरबाट सञ्चालन तथा कार्यन्वयन गर्न सहयोग पुऱ्याउन,

(ख) विद्यालय तहको शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रबन्धबाट कार्यमूलक र व्यावहारिक बनाउन,

(ग) प्राविधिक तथा व्यावसायिक क्षेत्रमा काम गर्न सक्ने सिपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन,

(घ) विद्यार्थीहरूलाई आफूले कक्षाकोठामा सिकेका प्राविधिक तथा व्यावसायिक ज्ञान, सिप तथा व्यवहारहरूलाईकामको संसारसँग आबद्धतागरी अभ्यास गर्ने मौका प्रदान गर्न,

(ङ) आफ्नो वृत्ति विकासमा सफलहुन आवश्यक व्यवहारकुशल सिपहरू प्राप्त गर्ने अवसर प्रदान गर्न,

(च) तोकिएको पाठ्यक्रमको आवश्यकता पुरा गर्न ।

४. **व्यावहारिक अभ्यासका आधारहरू**

(क) विद्यालय तहको प्राविधिक तथा व्यावसायिक धार कक्षा ९-१२ लाईविद्यालयमा आधारित सिकाइ र थप एक वर्षको कार्यथलोमा आधारित सिकाइ हुनेछ । कार्यथलोमा आधारित सिकाइलाई व्यावहारिक अभ्यास भनिन्छ । विद्यालयमा आधारित सिकाइको मोड सैद्धान्तिक र प्रयोगात्मक हुनेछ । कार्यथलोमा आधारित सिकाइ विद्यालयमा सिकेका ज्ञान तथा सिपलाई कार्यस्थलसंग जोडी पुर्णरुपमा व्यावहारिक र कार्यमुलक हुनेछ । व्यावहारिक अभ्यास पुरा हुन कम्तिमा १२०० घण्टा (दश क्रेडिट आवर) को समयावधि पुरा गर्नु पर्नेछ ।

(ख) विद्यार्थीहरूले विभिन्न कारणबाट व्यावहारिक अभ्यासको क्रेडिट आवर पुरा नगरी वीचमा छोडेमा बाँकीक्रेडिट आवरअर्को वर्ष तोकिएकै प्रक्रिया बमोजिम पुरा गर्नुपर्नेछ ।

(ग) विद्यार्थीहरूले व्यावहारिक अभ्यासकार्यमा बिताएको समय घण्टा (क्रेडिट आवर) र प्राप्त गरेको कार्यक्षमता विद्यार्थीहरूको ग्रेड सिटमा जनाइनेछ ।

## परिच्छेद२
## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

५. प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित सरकारी तथा गैर सरकारीसंस्था, व्यावसायिक निजि तथा सामुहिकफर्म, व्यावसायिक प्रतिष्ठान, सहकारी संस्था,कम्पनी, अनुसन्धान केन्द्रहरु,विभिन्न प्राविधिक सरकारी कार्यालयहरु,स्वास्थ्य केन्द्रहरु,खेलकुदसँग सम्बन्धित संस्थाहरु, सामुदायिक वनहरु र सम्वन्धित विद्यालय आदि

जस्ता संस्थाहरू कार्यथलोका रूपमा रहन सक्छन् । यस्ता संस्थाहरूमाव्यावहारिक अभ्यास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन प्रक्रिया देहायबमोजिम हुने छ :

(क) कार्यथलोको छनोट गर्दा सम्बन्धित विद्यालयले सञ्चालन गरेका उद्यम तथा प्रयोगशालालाई नै पहिलो प्राथमिकता राख्नु पर्नेछ । यदि विद्यालयमा सम्भावना नभएमा विद्यालयबाट नजिक पायक पर्ने स्थानमा विषयसँग सम्बन्धित संस्थाहरु छनौट गर्नु पर्नेछ ।

(ख) विद्यालय भन्दा बाहिर व्यावहारिक अभ्यास गराउँदा विद्यार्थीहरूले अनुसुची ७ दिएको ढाँचामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिँदा अभिभावकको मञ्जुरीनामासमेत संलग्न गर्नुपर्नेछ ।

(ग) विद्यालयले विद्यालय बाहिर व्यावहारिक अभ्यासका लागि विद्यार्थीखटाउनु परेमा संस्थाको क्षमतानुसारका सङ्ख्यामा मात्र पठाउनुपर्नेछ ।

(घ) कुनै कारणलेविद्यार्थी अनुपस्थित भएमा अर्को वर्ष तोकिएकै प्रक्रियाबमोजिम तालिम पुरा गर्नुपर्नेछ ।

(ङ) स्थानीय कार्यथलो वा संस्था, स्थानीय निकाय र सरकारी कार्यालयको सहयोग जुटाउन विद्यालयले सम्बन्धित निकायहरूसँग समन्वय गर्नेछ ।

(च) शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र र स्थानीय तहबाट व्यावहारिक अभ्यास कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गरिनेछ ।

## परिच्छेद३

## आर्थिक, भौतिक र शैक्षिक व्यवस्थापन सम्बन्धी व्यवस्था

**६. यस व्यावहारिक अभ्यास कार्यक्रम सञ्चालनका लागि निम्नानुसार आर्थिक व्यवस्था गरिने छ :**

(क) यस कार्यका लागि जिल्ला शिक्षा कार्यालयले परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्याका आधारमा समयभित्रै सम्बन्धित विद्यालयका खातामा एकमुष्ठ रकम पठाउने छ । यसरी प्राप्त अनुदान नियमानुसार खर्च गरी सोको हिसाब शिक्षा नियमावलीमा तोकिएको ढाँचामा राख्ने र लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित विद्यालयको हुने छ ।

(ख) शिक्षा विभागबाट व्यावहारिक अभ्यासका लागि प्रदान गरिने अनुदान रकम शिक्षा विभागले निर्देश गरे अनुसार हुनेछ ।

(ग) कुनै विद्यार्थी सुत्केरी वा किरीयामा रहेको वा काबू बाहिरको परिस्थिति परी व्यावहारिक अभ्यासमा अनुपस्थित भएमा निजले सोही वर्ष परीक्षा फल प्रकाशन हुनुअघि वा अर्को वर्ष हुने व्यावहारिक अभ्यासमा समावेश भई पुरा गर्नुपर्नेछ ।

**७. व्यावहारिक अभ्यास सम्बन्धी भौतिक र शैक्षिक सामग्री  व्यवस्थापन देहायबमोजिम हुने छ :**

(क) कार्यथलोमा विद्यार्थीले गर्नुपर्ने कामका सन्दर्भमा आवश्यक भवन, शौचालय, फर्निचर, ज्यावल, उपकरण आदिको व्यवस्था व्यावहारिक अभ्यासचल्ने संस्था स्वयम्ले उपलब्ध गराउनुपर्नेछ ।

(ख) व्यावहारिक अभ्यासको लागिआवश्यक पर्ने पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री, कार्यस्थलमा लगाउने पोशाकविद्यार्थी स्वयम्ले व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद४

## सम्बन्धित निकायहरूको भूमिका

**८. शिक्षा विभागको भूमिका**

(क) देशभरका व्यावहारिक अभ्यास कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गरी शिक्षा मन्त्रालयमा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(ख) कार्यक्रम कार्यान्वयनका लागि क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयलाई आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमका लागि उपलब्ध अनुदान तथा सुविधाको सदुपयोग भए नभएको अनुगमन गरी आवश्यकतानुसार यस्तो अनुदान रकम परिमार्जन गर्न सक्नेछ ।

(घ) व्यावहारिक अभ्यास सम्बन्धी जिल्लागत विवरण प्राप्त गरी त्यसको केन्द्रीय अभिलेख राख्नुपर्नेछ ।

९. **पाठ्यक्रम विकास केन्द्रको भूमिका**

(क) व्यावहारिक अभ्यास सम्बन्धी केन्द्रीयस्तरमा कार्यविधि निर्माणगरी सम्बद्ध निकायहरूबिच समन्वय गर्ने जिम्मेवारी केन्द्रको हुनेछ ।

(ख) जिल्लाहरूमा व्यावहारिक अभ्यास सम्बन्धी अनुगमन, परीक्षण तथा प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

१०. **राष्ट्रिय परीक्षा बोर्डको भूमिका**

(क) व्यावहारिक अभ्यास सम्बन्धी नीति तर्जुमा गर्न सम्बन्धित निकायलाई सुझाव दिन सक्ने छ ।

(ख) विद्यार्थी, विद्यालय, कार्यथलोर जिल्ला शिक्षा कार्यालयलाई आवश्यक निर्देशन दिन र समन्वय गर्न सक्नेछ ।

(ग) व्यावहारिक अभ्यास सम्बन्धी अनुगमन गर्नेछ ।

(घ) सम्बन्धित विद्यालयको सिफारिसअनुसार व्यावहारिक अभ्यास सम्पन्न गरेको यकिन गरी राष्ट्रिय परीक्षा बोर्डले विद्यार्थीलाई सम्बन्धित तहको प्रमाणपत्र प्रदान गर्नेछ ।

(ङ) विद्यार्थीको बाह्य व्यावहारिक अभ्यासको मूल्यांकनका लागि राष्ट्रिय परीक्षा बोर्डले निर्धारण गरे बमोजिमको शुल्क लिन सक्नेछ ।

११. **क्षेत्रीय शिक्षा निर्देशनालयको भूमिका**

(क) कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गरी सोको अनुगमन गर्ने, गराउने र समीक्षा गरी जिल्लागत प्रतिवेदन मन्त्रालय तथा विभागमा पेस गर्नेछ ।

१२. **जिल्ला शिक्षा कार्यालयको भूमिका**

(क) व्यावहारिक अभ्यास सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयहरूको तथ्याङ्क सङ्कलन गरी सम्भाव्यता अध्ययन तथा तयारी गर्नुपर्नेछ ।

(ख) व्यावहारिक अभ्यास कार्यक्रमहरू कार्यान्वयन गर्न सम्बन्धित विद्यालय, जिल्ला समन्वय समिति, प्राविधिक कार्यालय, भौतिक निर्माण सम्बन्धी कार्यालय, वन कार्यालय, कृषि विकास कार्यालय, पशुसेवा कार्यालय जस्ता सम्बन्धित विषयगत कार्यालयबाट सञ्चालन हुने अन्य कार्यक्रममा समन्वय गर्नुपर्नेछ ।

(ग) व्यावहारिक अभ्यास सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका संस्थाहरूको नियमित निरीक्षण, अनुगमन, सुपरीवेक्षण गरी विवरणदुरुस्त राख्नुपर्नेछ ।

(घ) व्यावहारिक अभ्यास लागि आवश्यक पर्ने रकम तोकिएकै समयमाविद्यालयको खातामा निकासा गर्नुपर्नेछ ।

(ङ) उपलब्ध अनुदान तथा सुबिधाको सदुपयोग भए नभएको अनुगमन गरी सदुपयोग नभएको वा हिनामिना भएकामा कारवाहीका लागि सम्बन्धित निकायमा पठाई त्यसको जानकारी मन्त्रालय र विभागमा पठाउनुपर्नेछ ।

(च) व्यावहारिक अभ्यास सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन निर्देशनालयमार्फत विभागमा पठाउनुपर्नेछ ।

१३. **स्थानीय तहको भूमिका**

(क) व्यावहारिक अभ्यास सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि अनुदान, नियमित अनुगमन तथा नीरिक्षण सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

(ख) व्यावहारिक अभ्यासको कार्यान्वयनका लागि कार्यस्थल व्यवस्थापनमा सहजीकरण गर्ने र तथ्यांक तथा विवरणहरु अद्यावधिक राख्ने ।

१४. **कार्यथलो संस्थाको भूमिका**

(क) व्यावहारिक अभ्यास सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ख) विद्यार्थीको हाजिरकापीको साथै आफ्नै लगबुकवा अन्य यस्तै प्रकारको अभिलेखको व्यवस्था गर्नुपर्नेछ ।

(ग) विद्यार्थीको मूल्याङ्कनका लागि सुपरीवेक्षकका रूपमा सम्बन्धित विषयमा ज्ञान भएको कर्मचारीलाई तोकिदिनुपर्नेछ र यसको जानकारी सम्बन्धित विद्यालय र जिल्ला शिक्षा कार्यालयमा दिनुपर्नेछ ।

(घ) विद्यार्थीहरूलाई सुरक्षित र सहज वातावरणमा कार्य गर्ने अवस्थाको व्यवस्थापन गर्नुपर्नेछ ।

**१५. विद्यालयको भूमिका**

(क) व्यावहारिक अभ्यास कार्यान्वयन गर्ने गराउने प्रमुख जिम्मेवारी विद्यालयको हुनेछ ।

(ख) व्यावहारिक अभ्यास कार्यक्रमलाई प्रभावकारी बनाउन प्रशिक्षकहरूमध्येबाट एक जना व्यावहारिक अभ्यास संयोजक (co-ordinator) को व्यवस्था गर्नु पर्नेछ सो अभ्यास संयोजकको भूमिका प्राविधिक तथा व्यावसायिक धार तर्फको संयोजकले नै निर्वाह गर्नेछन् ।

(ग) शैक्षिक सत्र सुरु भएको २ महिनाभित्र विद्यार्थीको नाम, कक्षा र विषयको किसिम उल्लेख गरी जिल्ला शिक्षा कार्यालयमा विवरण पठाउनुपर्नेछ ।

(घ) विद्यालय व्यवस्थापन समिति र प्रशिक्षकहरूसँग परामर्श एवम् छलफल गरी नियमावली, निर्देशिका तथा यस कार्यविधिमा भएको व्यवस्था र सर्तका आधारमा व्यावहारिक अभ्यास सम्पन्न गर्नुपर्नेछ ।

(ङ) संस्थासँग विद्यार्थीहरूको हाजिरी माग गरी अनुदान रकम उपलब्ध गराउनुपर्नेछ ।

(च) व्यावहारिक अभ्यास कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायबाट दिइएका निर्देशनको पालना गर्नुपर्नेछ ।

(छ) प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रभावकारी र परिणाममुखी बनाउन व्यावहारिक अभ्यासलाई समुदाय तथा उद्योगसँग जोड्न सञ्जाल बनाई समन्वय स्थापना गर्न सक्ने छ ।

(ज) प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यावहारिक अभ्यास गर्नको लागि विद्यालयलाई उद्यम तथा उद्योग (School Based Entreprenurship) को रुपमा विकास गर्नु पर्नेछ ।

(झ) विद्यालय, समुदाय र विद्यार्थीलाई कार्यक्रम कार्यान्वयनका लागि क्रियाशील बनाउन थप प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

**१६.व्यावहारिक अभ्यास संयोजकको भूमिका**

(क) व्यावहारिक अभ्यासको प्रभावकारी कार्यन्वयनका लागि जिल्ला शिक्षा कार्यालयको समन्वयमा उपयोगी कार्यथलो संस्थालगायत सरकारी तथा गैर सरकारी निकाय, जिल्लास्थित यससँग सम्बन्धित जिल्ला कार्यान्वयन समिति, प्राविधिक शिक्षालय, उद्योग वाणिज्य सङ्घ, तथा अन्य सरकारी गैर सरकारी र निजी क्षेत्रसँग समन्वय गर्नुपर्नेछ ।

(ख) कार्यक्रम कार्यान्वयनका लागि आफ्नो वरपर रहेका उपयोगी संस्थाहरूको अवस्था अध्ययन गरी विद्यार्थी पठाउने सम्बन्धमा विद्यालय प्रशासनसँग छलफलगरी कार्यक्रम तयार गर्नुपर्नेछ ।

(ग) कार्यक्रमका लागि विद्यार्थी पठाउने कार्यथलो संस्थाको खोजी गर्ने र यस्ता संस्थासँग निरन्तर समन्वय कायम गर्नुपर्नेछ ।

(घ) व्यावहारिक अभ्यास कार्यक्रम सुरु गर्नुअघि विद्यार्थी र संस्थाहरूसँग अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ङ) व्याहारिक अभ्यासमा विद्यार्थीहरुलाई पठाउनु भन्दा पहिले विषयगत विशिष्टिकृत उद्धेश्य र सक्षमताहरुउल्लेख भएको व्यावहारिक अभ्यास योजना अनुसूची ८ को ढाँचामा तयार गरी विद्यार्थी र सुपरीवेक्षकलाई उपलब्ध गराउनु पर्नेछ । अनुगमन तथा सुपरिवेक्षण गर्दा योजनामा उल्लेखित उद्धेश्य तथा सक्षमताहरुलाई हेरिने छ ।

**१७. विद्यार्थीको भूमिका:**

(क) तोकिएको संस्थामा नियमित रूपमा हाजिर भई संस्थाले लगाएको काम गर्नुपर्दछ ।हाजिर भएको र कार्यस्थलमा गरिएको कामको विवरण अनुसूची १ मा दिए अनुसार लगबुक सुपरिवेक्षकलाई प्रमाणित गराई व्यवस्थित गर्नु पर्नेछ ।

(ख) व्यावहारिक अभ्यास समाप्त भएको एक हप्ताभित्र आफूले गरेको कार्य विवरणसहितको प्रतिवेदन अनुसुची २ मा दिइएको ढाँचामा विद्यालयमा बुझाउनुपर्ने छ ।

(ग) विद्यार्थीले स्थानीय धर्म, संस्कृति, चालचलन र रहनसहन तथा सामाजिक मर्यादा प्रतिकूल हुने गरी व्यवहार गर्नु हुँदैन ।

(घ) विद्यार्थीले संस्थाको हित अनुकूल हुने गरी आचरण गर्नुपर्दछ ।

(ङ) आफूलाई तोकिएको सम्बन्धित विषयको सुपरभाइजरको मातहतमा रही निजको राय सल्लाह र सहमतिमा काम गर्नुपर्नेछ ।

## परिच्छेद५

## अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन

**१८. व्यावहारिक अभ्यास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था निम्नानुसार हुनेछ :**

**(क) अनुगमनको व्यवस्था**

(अ) परीक्षा बोर्डले परीक्षा बोर्डका शाखा कार्यालय र जिल्ला शिक्षा कार्यालयको समन्वयमा कार्यथलोसंस्थामा सञ्चालित व्यावहारिक अभ्यासको बाह्य मूल्याङ्कन तथा अनुगमनका लागि अनुगमनकर्ता खटाउनेछ । अनुगमन कर्ताले थप एक वर्षेको हकमा कम्तिमा चार पटक अनगुमन गरी अनुगमनको प्रतिवेदन अनुसुची४ मा दिएको ढाँचामा जिल्ला शिक्षा कार्यालय र परीक्षा बोर्डमा पठाउनुपर्नेछ ।

(आ) अनुगमनकर्ता खटाउँदा विद्यालयका सोही विषयका प्रशिक्षक, विद्यालय निरीक्षक, जिल्ला तथा स्थानीय तहमा भएका व्यावहारिक अभ्यासको विषयसँग सम्बन्धित कार्यालयका विज्ञहरु र कार्यथलो संस्थाका विषय मिल्दा कर्मचारीमध्येबाट पठाउनुपर्नेछ ।

(इ) प्रशिक्षकलाई अनुगमनकर्ता खटाउँदा एउटै विषय चलेका दुई वा दुईभन्दा बढी विद्यालय रहेमा मात्र विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी अर्को विद्यालयका लागि खटाउन सकिने छ ।

(ई) अनुगमनकर्तालाई तोकिएको पारिश्रमिक उपलब्ध गराइने छ ।

**(ख) सुपरीवेक्षणको व्यवस्था**

(अ) व्यावहारिक अभ्यासमा संलग्न विद्यार्थीहरुको नियमित सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण दिन हरेक कार्यास्थलमा विषयसँग सम्बन्धित एक सुपरीवेक्षक तोकिनेछ । यदि कार्यस्थलमा सुपरिवेक्षक उपलव्धता हुन नसक्ने अवस्था भएमा विद्यालयले व्यवस्थापन गर्ने छ । सुपरीवेक्षकले मासिक सुपरीवेक्षण प्रतिवेदनअनुसुची ३मा दिइएको ढाँचामातयारगरी अनुगमनकर्तालाई वुझाउनु पर्नेछ ।

(आ) सुपरीवेक्षकको व्यवस्था गर्दा विद्यालयले सम्बन्धित विषयको विज्ञको उपलब्धताको आधारमा समूहगत सुपरीवेक्षकको रुपमा पनि व्यवस्था गर्न सक्नेछ ।

(इ) सुपरीवेक्षककर्तालाई तोकिएको पारिश्रमिक उपलब्ध गराइने छ ।

**(ग) व्यावहारिक अभ्यासको मूल्याङ्कन**

विद्यार्थीहरूको व्यावहारिक अभ्यासको मूल्याङ्कन ५०अंक आन्तरिक र ५० अंक बाह्य हुनेछ । आन्तरिक मूल्यांकनमा २५ अंक सम्बन्धित विद्यालय र २५ अंक सुपरीवेक्षकबाट हुनेछ । राष्ट्रिय

परीक्षा बोर्डबाट बाह्य मूल्यांकनकर्ता खटाउँदा कम्तिमा ३ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको विषय विज्ञलाई खटाउनु पर्नेछ । अनुगमनकर्तालेबाह्य मूल्यांकन प्रतिवेदन अनुसूची ४ को ढाँचामा र आन्तरिक मूल्यांकन प्रतिवेदन विद्यालयले अनुसूची ५ को ढाँचामा व्यावहारिक अभ्यास समाप्त भएको सात दिन भित्र तयार गरी जिशिकामा पठाउनु पर्नेछ । जिशिकाले आन्तरिक तथा बाह्य मूल्यांकनको समष्टिगत प्रतिवेदन तयार गरी अनुसूची ६ को ढाँचामा १० दिनभित्र राष्ट्रिय परीक्षा बोर्डमा पठाउनु पर्नेछ ।

समग्रमा व्यावहारिक अभ्यासको मूल्याङ्कनका आधारहरू निम्नअनुसार हुनेछन् :

(अ) विद्यार्थीको नियमित उपस्थिति वा हाजिरी

(आ) मूल्याङ्कन तथा अनुगमनकर्ता र सुपरीवेक्षकको सिफारिस तथा प्रतिवेदन

(इ) विद्यार्थीले पेस गरेको प्रतिवेदन

(ई) विद्यार्थीले सम्पादन गरेको कार्य, सेमिनार, कार्यशाला र निर्माण गरेकावस्तु

(उ) व्यावहारिक अभ्यासको ग्रेड सिटमा उल्लेख गरिने छ ।

## परिच्छेद६ विविध

१९. शिक्षा मन्त्रालयले सम्बन्धित निकायहरूको परामर्श र पाठ्यक्रम विकास केन्द्रको सिफारिसमा यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

२०. यस कार्यविधिको व्यवस्था ऐन तथा नियमावलीसँग बाझिएमा ऐन तथा नियमावलीको व्यवस्थाबमोजिम नै हुनेछ ।

२१. यस कार्यविधिमा भएका व्यवस्थाको व्याख्या शिक्षा मन्त्रालयबाट हुनेछ र शिक्षा मन्त्रालयबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

२२. प्राविधिक तथा व्यावसायिक शिक्षाअन्तर्गत व्यावहारिक अभ्यास सञ्चालन तथा कार्यन्वयन कार्यविधि, २०७१ खारेज भई सोअनुसार गरे भएका सम्पूर्ण कार्यहरू यसै कार्यविधिअनुसार भएको मानिने छ ।

# अनुसूची १
# विद्यार्थी लग बुक

विद्यार्थीको नाम, थरः                    संस्था/कार्यालयको नामः

अवधि : ………..देखि ………सम्म                                                    महिना :

| गते | ………..देखि ………समय सम्म | गर्नुपर्ने क्रियाकलाप | जिम्मेवारी | सुपरीवेक्षकबाट कार्य लेखाजोखा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |
| २६ | | | | |
| २७ | | | | |
| २८ | | | | |
| २९ | | | | |
| ३० | | | | |
| ३१ | | | | |
| ३२ | | | | |

…………………………                                        ……………………

विद्यार्थीको हस्ताक्षर                                        सुपरीवेक्षकको हस्ताक्षर

# अनुसूची २
## विद्यार्थीले बुझाउने प्रतिवेदनको ढा"चा

- कभर पेज
- कार्यलयबाट काम सम्पन्न भएको प्रमाण पत्र
- प्राक्कथन
- विषय सूची
- तालिका, चित्रहरूको सूची
- प्रतिवेदनको परिचय
- व्यावहारिक अभ्यास गरेको संस्था, फर्म, कम्पनी आदिको छोटो चिनारी (इतिहास, ठाउ", दिने सेवाहरू, गर्ने क्रियाकलापहरू, उपलव्ध सुविधाहरू)
- व्यावहारिक अभ्यास अवधिमा गरेका अवलोकनहरू, सिकाइ अनुभवहरू,सिकेका सिपहरू
- निष्कर्ष
- सिफारिस तथा सुझावहरू (विद्यालय,उद्योग, फर्म, कम्पनी आदि)
- सन्दर्भ सूची
- अनुसूची (यदि भए)

# अनुसूची ३

## सुपरीवेक्षकद्वारा गरिने विद्यार्थीआन्तरिक मूल्याङ्कन फाराम

विद्यार्थीको नाम, थर: सिम्बोल नं. : रजिष्ट्रेशन नं.:

संस्थाको नाम: विधा :

मिति : ………… बाट ……….. सम्म

तल दिइएका कार्यक्षमता (performance)हरूमा विद्यार्थीहरूको प्रदर्शन स्तरको मापन गर्नुहोस् :

| S.N | Performances | Excellence<br>5 | Good<br>4 | satisfactory<br>3 | Unsatisfactory<br>2 | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Regularity | | | | | |
| 2 | Punctuality | | | | | |
| 3 | Appearance | | | | | |
| 4 | Confidence | | | | | |
| 5 | Responsibility | | | | | |
| 6 | Discipline | | | | | |
| 7 | Cooperation | | | | | |
| 8 | Job knowledge | | | | | |
| 9 | Job skills | | | | | |
| 10 | Attitude | | | | | |
| 11 | Professionalism | | | | | |
| 12 | Communication | | | | | |
| 13 | Work habit | | | | | |
| 14 | Accuracy of work | | | | | |
| 15 | Initiation/ | | | | | |
| 16 | Motivation | | | | | |
| 17 | Social skills | | | | | |
| 18 | Patience | | | | | |
| 19 | Interest/ alertness | | | | | |
| 20 | Adaptability | | | | | |
| | Total score | | | | | |

नोट: मूल्यांकन २५ अंकमा गर्नु पर्नेछ ।

सुपरीवेक्षकको राय:

……………
हस्ताक्षर

# अनुसूची ४

## बाह्यमूल्यांकन अनुगमन फारम

संस्थाको नामः विद्यार्थीको सिम्बोल नं.: रजिष्ट्रेशन नं.:

मिति :........... बाट .......... सम्म

व्यावहारिक अभ्यास कार्यक्रममा संलग्न तपसिल बमोजिमका विद्यार्थीहरूको अनुगमन मूल्याङ्कन तपसिलमा उल्लेख भएअनुसार भएको व्यहोरा अनुरोध छ ।

अनुगमनकर्ताको नामः

| क्र.स. | विद्यार्थीको नाम, थर | नियमितता ५ | विद्यार्थीको लग बुकको अवस्था १० | विद्यार्थीले सम्पादन गरेको कार्यस्तर १५ | आन्तरिक सुपरीवेक्षकको सिफारिस १० | कामको निपुणता१० | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

दस्तखतः............

# अनुसूची ५

## विद्यालयले गर्ने विद्यार्थी आन्तरिक मूल्याङ्कन फारम

विद्यार्थीको नाम, थर : सिम्बोल नं.: रजिष्ट्रेशन नं.:

| क्र.स. | विद्यार्थीको नाम, थर | नियमितता ५ | विद्यार्थीको लग बुकको अवस्था ५ | विद्यार्थीले सम्पादन गरेको सेमिनार,कार्यशाला, तथा प्रोजेक्टकार्य १० | भाइभा ५ | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणित गर्नेको नाम, थरः

दस्तखतः

## अनुसूची ६
## विद्यार्थीहरूको समष्टिगत मूल्याङ्कन प्रतिवेदन फारम

विद्यार्थीको नाम, थर : सिम्बोल नं.: रजिष्ट्रेशन नं.:

| क्रं. स. | विद्यार्थीहरूको नाम, थर | सुपरीवेक्षकको मूल्याङ्कन २५ | अनुगमनकर्ताको मूल्याङ्कन ५० | विद्यालयको मूल्याङ्कन २५ | जम्मा प्राप्ताङ्क १०० | प्राप्ताङ्क ग्रेड | क्रेडिट आवर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रमाणित गर्नेको नाम, थरः

दस्तखतः.............

## अनुसूची ७
## व्यावहारिक अभ्यासको लागि निवेदन फाराम
## (कार्यथलो विद्यालय बाहिर भएको अवस्थामा मात्र)

श्रीमान् संयोजक ज्यू,

....................................

म मिति ..............देखि ...........सम्म सञ्चालन हुने १ महिने/१ वर्षेव्यावहारिक अभ्यास तल उल्लिखित संस्थाहरूमा गई विद्यालय तथा संस्थाको नीति नियम तथा तोकिएको सर्त अनुसार पुरा गर्न इच्छुक भएको व्यहोरा अनुरोध छ । कार्यस्थलमा जाँदा वा कार्यस्थलमा कुनै घटना घटी शारीरिक चोटपटक लागेमा विद्यालय तथा संस्था जिम्मेवारी हुने छैन् ।

| क्र.स. | संस्थाको नाम | संस्थाले उपलब्ध गराउने विधागत क्षेत्र | समय अवधि |
|---|---|---|---|
| १ | | १ | |
| | | २ | |
| | | ३ | |
| २ | | १ | |
| | | २ | |
| | | ३ | |
| ३ | | १ | |
| | | २ | |
| | | ३ | |

**द्रष्टव्य** : १महिनाको व्यावहारिक अभ्यासका लागि संस्थाले उपलब्ध गराउने विधागत क्षेत्र उल्लेख गर्नुपर्ने छैन ।

अभिभावकको नाम, थरः विद्यार्थीको नाम, थर :

## अनुसूची ८
## संयोजकले तयार गर्ने व्यावहारिक अभ्यास योजनाको ढाँचा

विषय:

समयावधि: कार्यथलो: क्रेडिट आवर:

| क्र.सं. | व्यावहारिक अभ्यासको विशिष्टिकृत उद्देश्य | सम्पन्न गर्ने कार्यहरुको सूची | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोटः सम्पन्न गर्ने कार्यहरु विद्यार्थीहरुले आफ्नो लगबुकमा उल्लेख गर्नु पर्नेछ।

संयोजकको नाम, थर

दस्तखतः

मितिः